नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड, टेकु काठमाण्डौ

## घरभाडा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकासित सुचना मितिः २०७९/६/२

यस बोर्डको कार्यालय संचालनको लागी भवन/फ्ल्याट भाडामा लिनुपर्ने भएकोले इच्छुक घर धनीहरुलाई यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र र सो दिन सार्बजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको दिनमा के कति दररेट (स्क्वायर फुट वा मिटर वा पुरै घर कम्पाउण्ड मासिक वा बार्षिक) मा दिन सकिने हो सो समेत खुलाई नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा, घर निर्माणको ईजाजतापत्र र घरको नक्सा निर्माण सम्पन्नताको प्रमाण पत्र स्थानीय तहको कर चुक्ताको प्रमाण पत्र सहित कागजपत्रको प्रतिलिपी संलग्न गरी बोर्डको कार्यालयमा घर भाडाको सिलबन्दी प्रस्ताब सहितको निबेदन पेशगर्नु हुन सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९४ बमोजिम यो सुचना प्रकाशित गरिएको छ। सेवाग्राहीको सहज पहुचको लागी भाडामा लिने घर काठमाण्डौ महानगरपालिकाको कोटेश्वर, नयाँ बानेश्वर, बबरमहल, थापाथली, त्रिपुरेश्वर, टेकु, जमल, कमलादी, हातीसार, नक्साल, लाजिम्पाट, डिल्लीबजार, ज्ञानेश्वर, मैतिदेबी, पुरानो बानेश्वर वा ललितपुर महानगरपालिकाको कुपन्डोल, पुल्चोक, सानेपा लगायत आसपासका क्षेत्रभित्र विभिन्न साईजका ४० देखी ५० कोठा भएको १०/१२ वटा ४ पांग्रे र २५ वटा जती २ पांग्रे सवारी साधन पार्किंग गर्न सकिने हुनुपर्नेछ / यस सम्बन्धी बिस्तृत विवरण बुझ्नु परेमा www.hib.gov.np मा सुचना हेर्न वा फोन नं. ०१-४१००२२३ अथवा टोल फ्री नं. १६६००१११२२४ मा सम्पर्क गर्न सकिनेछ /

शर्तहरूः

१. सेवाग्राहीको सहज पहुचको लागी भाडामा लिने घर काठमाण्डौ महानगरपालिकाको कोटेश्वर, नया बानेश्वर, बबरमहल, थापाथली, त्रिपुरेश्वर, टेकु, जमल, कमलादी, हातीसार, नक्साल, डिल्लीबजार, ज्ञानेश्वर, मैतिदेबी, अन्नाम्नगर, पुरानोबानेश्वर र ललितपुर महानगरपालिकाको कुपन्डोल, पुल्चोक, सानेपा लगायत आसपासका क्षेत्रभित्र  हुनुपर्नेछ /

२. भाडामा दिने घर/फ्ल्याटसम्म चारपांग्रे सवारी साधन  दोहोरो रुपमा सहजै आवतजावत गर्न मिल्ने मोटरबाटोको सुबिधा भएको, कम्पाउण्ड वाल भएको, कम्तिमा १०/१२ वटा चार पांग्रे र २५ वटा जति २ पांग्रे सवारी साधन पार्किंग गर्न मिल्ने पर्याप्त सुबिधा भएको हुनुपर्नेछ /

३. घर/फ्ल्याट विभिन्न सईजका ४५ देखी ५० कोठा भएको वा कार्यालय प्रयोजनको लागी उपयुक्त वातावरण तथा डिजाईनमा निर्माण भएको, पार्टेसन भएको वा कार्यालयको आवश्यकताअनुशार पार्टेसन गर्न मिल्ने हुनुपर्नेछ / तलापिच्छे महिला/पुरुष दुबैका लागी अलग अलग शौचालय, बाथरूम, खानेपानी सुबिधा भएको र सम्भव भएसम्म अपाङ्ग मैत्री हुनुपर्नेछ / बिद्धुत आपुर्तीको लागी थ्री फेज लाईन जडान भएको हुनुपर्नेछ /

Scanned with CamScanner

४. घरभाडा प्रस्ताव गर्दा प्रती बर्गफिट वा प्रतिबर्गमिटर वा एकमुस्ट मासिक वा बार्षिक भाडा उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्नेछ / पेश भएका प्रस्ताव उपर सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ अनुशार गठित घरभाडा निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण हुनेछ / घरभाडा मासिक वा बार्षिक रुपमा भुक्तानी हुदा प्रचलित कानुन बमोजिम कर कट्टी गरिनेछ /

५. घर धनीहरुबाट पेश हुन आएका प्रस्तावहरु यो सुचना प्रकाशित भएको मितिले १६औं दिनमा सो दिन सार्बजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनको २.०० दरभाउपत्र प्रस्तावकर्ताहरु वा निजका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ / प्रस्तावकर्ता वा प्रतिनिधि उपस्थित हुन नसकेमा पनि बाधा पर्ने छैन /

६. घर भाडामा लिने/ नलिने सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार बीमा बोर्डलाई हुनेछ /

७. घर भाडा सम्बन्धी अन्य कुराहरु सार्बजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ /

८. पेश भएका प्रस्तावहरुमा स्थलगत अवलोकन पश्चात मात्र अन्तिम निर्णय हुनेछ /

Scanned with CamScanner